# खोटेहाङ गाउँपालिकाको चौथो वार्षिकोत्सवका अवसरमा अध्यक्ष श्री प्रदिप राईज्यूद्वारा प्रस्तुत वार्षिक प्रगती प्रतिवेदन

खोटेहाङ गाउँपालिका
खोटाङ
१ नं. प्रदेश, नेपाल

प्रस्तुत मिति : २०७८ वैशाख १५ गते ।

**चौथो वार्षिक उत्सब समारोहका प्रमुख अतिथि ने. क. पा. (एमाले) संसदिय दलका मुख्य सचेतक तथा प्रतिनिधि सभा सदस्य माननीय विशाल भट्टराईज्यू,**

**विशेष अतिथिज्यूहरु,**

**उपाध्यक्षज्यू,**

**वडाध्यक्षज्यूहरु तथा कार्यपालिका सदस्यज्यूहरु,**

**अतिथि दिर्घामा आसन ग्रहण गरिरहनुभएका राजनीतिक दलका नेताज्यूहरु, कार्यालय प्रमुखहरुज्यूहरु, क्याम्पस प्रमुखज्यूहरु, विभिन्न विद्यालयका प्रधान अध्यापकज्यूहरु, शिक्षक मित्रहरु, प्रत्येक वडा बाट निर्वाचित गाउँसभा सदस्यज्यूहरु, गै. स. स. प्रमुख तथा प्रतिनिधीज्यूहरु, सञ्चारकर्मी साथिहरु, सुरक्षकर्मी मित्रहरु,**

**कर्मचारी साथिहरु, चौथो वार्षीक उत्सब समारोहमा उपस्थित आमन्त्रित सम्पूर्ण महानुभावहरु, उपस्थित आदरणीय आमा वुवा, दिदि बहिनी तथा दाजु भाईहरु ।**

आजभन्दा चार वर्ष अगाडी २०७३ फाल्गुन २७ गते नेपालको संविधानको धारा ५६ ले निर्दिष्ट गरेको संघीय ब्यवस्था र राज्य शक्तिको बाँडफाँड बमोजिम खोटेहाङ गाउँपालिका स्थानीय तहका रुपमा गठन भएको थियो ।

खोटेहाङ गाउँपालिका स्थापनाको यो ४ वर्षमा खोटेहाङ गाउँपालिका, सिंगो देश र सिंगो विश्व समुदायमा विभिन्न उतार चढावहरु देखा परिसकेका छन । संघीयताको नयाँ अभ्यासमा असिमित आकांक्षा र सिमित स्रोत साधनहरुको परिचालन चुनौतीहरुविच देखा परेको असहजताहरु, विभिन्न समयमा उत्पन्न हुने राजनीतिक, सामाजिक आर्थिक एवं वातावरणीय प्रतिकूलताहरुलाई चिर्दै आज हामी यो गरिमामय चौथो वर्षमा प्रवेश गर्दैछौं ।

इतिहासका विभिन्न कालखण्डहरुमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, जनताको सार्वभौम अधिकार प्राप्ति र समतामूलक समाजको निर्माण खातिर भएका विभिन्न संघर्ष तथा आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने वीर शहिदहरु प्रति श्रद्धा सुमन अर्पण गर्न चाहान्छु, जन आन्दोलनका घाइतेहरु, द्वन्दपीडितहरु तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा अहम भूमिका खेल्नुहुने अग्रज सम्पूर्ण नेतृत्वहरु र ज्ञात अज्ञात व्यक्तित्वहरुलाई श्रद्धापूर्वक स्मरण गर्न चाहान्छु ।

विश्व सामुदायको साझा शत्रुका रुपमा देखा परेको कोभिड १९ रोगका कारण आफ्नो अमूल्य जीवन गुमाउनुहुने सम्पूर्ण मृतकहरुप्रति श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु, सो रोगसंग डटेर सामना गरिरहनुभएका संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु, कोरोना भाईरसको रोकथाम तथा नियन्त्रणका लागि आफ्नो जीवन जोखिममा राखेर अहोरात्र डट्नुहुने सम्पूर्ण स्वस्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी तथा स्वयम्सेवीहरुलाई सम्मानका साथ धन्यवाद ब्यक्त गर्न चाहान्छु ।

सिंगो विश्व सामुदायमा कोरोना महामारीबाट सिर्जित मानविय तथा आर्थिक क्षतिबाट आक्रान्त भईरहेको यस विषम परिस्थितिमा यस महामारीबाट सिर्जित समस्याहरुको समाधान र ब्यवस्थापन गर्ने संगै खोटेहाङ गाउँपालिकाले अठोट गरेको समृद्धि र दिगो विकासको अभियानलाई जीवन्त तुल्याईरहने चुनौतीहरुविच आज हामी गाउँपालिका स्थापनाको चौथो वार्षिक उत्सव समारोहमा सरिक भएका छौं । यो समयमा विगतका वर्षहरुको अथक प्रयासबाट प्राप्त भएको उपलब्धिहरुको रक्षा गर्दै एवं विगतका वर्षहरुमा प्राप्त भएका सकरात्मक शिक्षाहरुलाई ग्रहण गर्दै सिमित स्रोत/साधन र अथाह चुनौती र अठोटहरुको तालमेल मिलाउने र तिनै चुनौतीहरुका विच विकसित अवसरहरुको समुचित सदुपयोग गर्ने संकल्प सहित म यस गरिमामय वार्षिक उत्सव कार्यक्रममा १ वर्षे प्रगती प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहान्छु ।

## ❖ वित्तिय क्षेत्र

खोटेहाङ गाउँपालिकाको चालू आ. व. २०७७/७८ का लागि नेपाल सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, विभिन्न दातृ निकायहरुबाट प्राप्त हुने अनुदान तथा खोटेहाङ गाउँपालिकाको आन्तरिक आम्दानी समेत गरि रु. ५४ करोड ८१ लाख १८ हजार ४३ रुपैयाँ आय अनुमान गरिएकोमा हालसम्म रु. ३१ करोड ५९ लाख ७१ हजार ३६२ रुपैया वास्तविक आय रहेको छ । (सामाजिक सुरक्षा भत्ता, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, गरिवसंग विश्वेश्वर कार्यक्रम, साना सिंचाई आयोजना, बहुक्षेत्रीय पोषण बाहेक) जसमध्ये हालसम्म पूँजिगत

तर्फ २५ दशमलव ४४ प्रतिशत र चालू तर्फ ४७ दशमलव ४४ प्रतिशत गरि जम्मा ४० दशमलव १२ प्रतिशत खर्च भएको छ ।

# ❖ पूर्वाधार विकास क्षेत्र

## १. सडक

- चालू आ. व. मा पालिकास्तरीय कुल १ करोड १८ लाख बराबरका ७ वटा र वडा स्तरीय कुल १ करोड ६६ लाख ५० हजार बराबरका ४० वटा गरि कुल २ करोड ८४ लाख रुपैयाँ बराबरका जम्मा ४७ वटा सडक निर्माण तथा स्तरोन्नती योजनाहरु विनियोजन भएकामध्ये ठेक्का प्रकृयाबाट खोटाङ पामाखाम सडकका लागी सम्झौता हुने क्रममा रहेको, रसुवा बाघेढुंगा सडक स्तरोन्नतीको सम्झौता हुने क्रममा रहेको, रसुवा पान्धारे सडक संरचना निर्माणका लागी आशयपत्र जारी गरिएको छ ।

## २. भवन

- गत आ. व. मा बाँकी रहेका वडा नं. १, ६ र ८ का वडा कार्यालयहरुकको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भई नव निर्मित भवनबाट सेवा प्रवाह सुचारु भईरहेको छ, यस संगै गाउँपालिकाको आफ्नै प्रशासनिक भवन तथा सवै वडाहरुमा वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भएको छ ।
- स्थानीय तहद्वारा निरुपण हुने न्यायिक कार्यहरु सहज, सरल र ब्यवस्थित गर्ने उद्धेश्यले गाउँपालिका, गाउँकार्यपालिकाको प्रशासनिक भवनमा ठेक्का प्रकृयाबाट न्यायिक समितिको सचिवालय हल निर्माण कार्य द्रुत गतिमा भईरहेको छ ।

## ३. विद्युत

- चालू आ. व. २०७७/७८ मा केन्द्रीय विद्युतिकरण वडा नं. १,२,३ शिर्षकमा विनियोजित रु. १ करोड बराबर रकमको ठेक्का प्रकृयाद्वारा विद्युतिकरण सम्पन्न भई आ. व. २०७७/७८ को पूरक वजेटबाट पुनः एक करोड रुपैयाँ थप गरि बोलपत्र आह्वान मार्फत वाँकी रहेका क्षेत्रहरुमा विद्युतीकरण गर्ने कार्य आगामी ज्येष्ठ मसान्त सम्ममा सम्पन्न गर्ने लक्ष्य सहित अगाडी बढेको छ, यससंगै यहि वर्षभित्र खोटाङ गाउँपालिकालाई पूर्ण उज्यालो गाउँपालिकाका हुनेछ ।

## ४. सिँचाइ

- नेपाल सरकार, स्वीस सरकार तथा खोटेहाङ गाउँपालिकाको संयुक्त लगानीको साना सिंचाई कार्यक्रमको कुल लागत रु. ९० लाख ४९ हजार ६६९ बराबरको नयाँ सिंचाई योजना अर्न्तगतका दुम्छाखोला राजाढुंगा सिंचाई योजना, दिलुङ खोला सङकुलुङ मुखीताङ सिंचाई योजना, मिच्मालुङ खोला डाँडा सिंचाई योजना र टुवाखोला कुइभिर सिंचाई योजनाहरुको निर्माण कार्य सम्पन्न भएका छन । आ. व. २०७८/७८ मा सञ्चालन हुने साना सिंचाई आयोजनाका लागि सिंचाई आयोजनाहरुको प्राथमिकिकरण र सम्भाब्यता अध्ययन भई ४ ओटा साना सिंचाई योजनाहरु छनौट भई सम्झौताको चरणमा रहेका छन ।
- गाउँपालिकाको चालू आ. व. २०७७/७८ मा गाउँपालिकाद्वारा विनियोजित विभिन्न सिंचाई योजनाहरुको निर्माण कार्य समेत द्रुत गतिमा भैरहेको छ ।

# ❖ आर्थिक विकास क्षेत्र

## १. कृषि तथा पशु विकास

- चालू आ. व. २०७७/७८ मा कृषि तथा पशु विकास क्षेत्रका लागि कुल रु. ८० लाख विनियोजन भएकोमा पूरक वजेटबाट रु. १८ लाख थप भई जम्मा रु. ९८ लाख विनियोजित रकम बराबरको कृषि विकास समितिद्वारा गाउँपालिकाको कृषि तथा पशु विकास सम्बन्धी नीति बमोजिम कार्यक्रमको नर्म्स निर्माण भई गाउँपालिकाद्वारा स्वीकृत गरि कार्यक्रम सञ्चालन प्रकृयालाई द्रुत गतिमा अगाडी बढाईएको छ ।
- गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक प्राविधिक जनशक्ति पूर्ति गर्न नायव प्राविधिक सहायक २ जना र नायव पशु सेवा प्राविधिक २ जना गरि जम्मा ४ जना प्राविधिकहरुको खुल्ला प्रतिष्पर्धाका माध्यमबाट नियुक्ति गरि कार्यक्षेत्रमा खटाईएको छ ।
- कृषि तथा पशुपालन स्वरोजगार प्रर्वद्धनका लागि मागमा आधारित बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई कृषि उद्यमशिलता विकास सहयोगका लागि ५० प्रतिशत अनुदान सहयोग कार्यक्रम, बंगुरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम, राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा खाद्य सुरक्षामा टेवा पुर्‍याउने बाली वस्तुको साना व्यवसायीक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम, खोटेहाङ गाउँपालिकाको वडा नं. ७ खोटाङबजार र वडा नं ८ सिम्पानीमा एक एक वटा फ्रेस हाउस स्थापना अनुदान, मागमा आधारित पशु विकास कार्यक्रम, बाखाको नमूना खोर निर्माणका लागि ५० प्रतिशत अनुदान, बाँझो जमिनमा फलफूल खेती प्रर्वद्धन कार्यक्रम, बंगुरको साना पकेट सञ्चालन लगायतका कृषि सम्बन्धी महत्वपूर्ण कार्यक्रमहरु सञ्चालन भईरहेका छन ।
- भेडा बाखा हरुमा पि.पि.आर भ्यक्सिन, बंगुरहरुलाई स्वाईन फिवर भ्याक्सिन, कुकुर विरोलोलाई एन्टि रेविज भ्यक्सिन लगाउने कार्यसंगै पशु विकास शाखाबाट विभिन्न प्रकारका औषधि तथा भिटामिनहरु निशुल्क रुपमा वितरण गर्ने कार्य भईरहेको छ ।
- कृषि उपज बृद्धिका लागि रासायनिक मल ढुवानी अनुदान मार्फत रसायनिक मल ढुवानी गरि सम्पूर्ण वडामा जम्मा ७८।६५ मेट्रिक टन मल वितरण गरिएको छ ।
- नेपाल सरकार सशर्त अनुदान वापत प्राप्त अनुदान बाट ५० प्रतिशत अनुदानमा जम्मा २४ लाख बराबरको राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण टेवा पुर्‍याउने बाली वस्तुको साना कृषि उत्पादन केन्द्र ( पकेट) विस्तारका लागि खोटेहाङ ६ इन्द्राणीपोखरीमा कागती खेती र खोटेहाङ ७ खोटाङबजारमा बाखा पालनका लागि लागत साझेदारिमा सम्झौता भई जम्मा ४४ लाख बराबरको काम भई रहेको छ ।
- कृषिमा आधुनिक प्रविधि तथा यान्त्रिकरणका लागि गाउँपालिकाको अनुदानमा रु. १४ लाख ६० हजार रुपैया बराबरको हाते ट्र्याक्टर खरिद गर्ने प्रकृया अगाडी बढाईएको छ ।
- कृषक समूह दर्ता तथा कृषि व्यवसाय दर्ता गर्ने कार्यलाई निरन्तर अगाडी बढाईएको छ। समूह तथा ब्यवसाय गर्ने कृषकहरुको उल्लेखनीय रुपमा संख्या वृद्धि भएको देखिएको छ ।

## २. पर्यटन तथा संस्कृती

- चालू आ. व. २०७७/७८ मा पर्यटन तथा संस्कृती सम्बन्धी पालिका स्तरीय कुल रु. ७७ लाख र वडा स्तरीय कुल रु. ३७ लाख ८५ हजार गरि जम्मा रु. १ करोड १४ लाख ८५ हजार बराबरका योजनाहरु विनियोजन भई उक्त योजनाहरुको वार्षिक कार्ययोजना बमोजिम लागत इस्टिमेट तयार गरि सम्झौता भई योजना सञ्चालन भईरहेका छन ।

- पूजिँगत परामर्श डि.पि.आर. का लागि चालू आ. व. मा रु. २५,०००००।- विनियोजन भएनुसार खोटेहाङ गाउँपालिकाको पर्यटकीय महत्वका राम प्रसाद राई स्मृति पार्क, सोलढुंगा पर्यटन क्षेत्र र कपासे भञ्ज्याङको पर्यटन प्रर्वद्धनका लागि DPR गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

# ❖ सामाजिक विकास

## १. शिक्षा

- गाउँपालिका भित्रबाट स्वदेशमै विद्यावारिधी तथा एम. फिल. गर्ने शोधकर्तालाई क्रमशः रु १ लाख ११ हजार १११ र ५५ हजार ५५५ रुपैयाँ छात्रवृत्ति प्रदान गर्ने निर्णय भएनुसार खोटेहाङ गाउँपालिका वडा नं. ६ इन्द्राणीपोखरी निवासी विद्यावारिधी शोधकर्ता श्री विष्णु बहादुर कार्कीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।
- गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयका प्र.अ, वि.व्य.स अध्यक्ष र लेखा कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको छ ।
- विद्यालयहरुको आय व्यय चुस्त दुरुस्त राख्नका निम्ति सवै विद्यालयहरुको लेखा परिक्षण कार्य सम्पन्न गर्न सहजिकरण भएको छ ।
- राहत तथा करार शिक्षक परिक्षा छनोटको लागि रोष्टर शिक्षकहरुको आव्हान र अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ ।
- गाउँपालिकाको शैक्षिक प्रोफाइल निर्माणको काम सम्पन्न भई छपाईको कार्यलाई समेत अगाडी बढाईएको छ ।
- सामुदायिक विद्यालयहरुमा रिक्त रहेको स्थानमा शिक्षक छनोट समिति मार्फत विभिन्न विद्यालयहरुमा राहत र करार दरवन्दी गरेर जम्मा १२ जना शिक्षक छनोट गर्ने कार्य सम्पन्न भएको छ ।
- आ.वि र मा.वि सञ्चालित विद्यालयहरुमा छात्रा किशोरीहरुको लागि महिनावारी व्यवस्थापनाका निम्ति विद्यालयहरुलाई सेनेटरी प्याड हस्तान्तरण गर्ने काम सम्पन्न गरिएको छ ।
- सवै विद्यालयहरुको EMIS (Education Management Information System) भर्ने र अपलोड गर्ने कार्य सम्पन्न गरिएको छ ।
- कोरोना खोप र विमाका लागि सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विवरण सम्बन्धित निकायमा पठाईएको छ ।
- सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको परिचय पत्र बनाउने कार्य सम्पन्न भई सम्बन्धित विद्यालयहरुलाई उपलब्ध गराउने कार्य सम्पन्न भएको छ ।
- विद्यालयहरुमा कार्यरत शिक्षकहरुको दरवन्दी मिलानको लागि समिति गठन गरी दरबन्दी मिलान प्रतिवेदन तयार पारि दरबन्दी मिलानको कार्य अन्तिम चरणमा रहेको छ ।
- राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमको सन्दर्भ सामग्रीहरु वितरण कार्य सम्पन्न भएको छ ।
- कोभिड १९ का कारण लामो समयसम्म सिकाई सहजिकरण कार्य बन्द रहेको अवस्थामा विद्यालयहरु पुनः सुचारु गरि हरेक विद्यालयलाई सरसफाई सामग्री (बाल्टी, बाटा, मग आदि) वितरण गरिएको छ भने विद्यालय बन्द रहेको अवस्थामा सिकाई सहजिकरणका लागि स्व-अध्ययन सामग्री खरिद तथा वितरण गरि सिकाईलाई निरन्तरता दिईएको छ ।
- आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक प्रकृया अगाडी बढाईएको छ ।

- गाउँपालिकाद्वारा विनियोजित योजना तथा कार्यक्रमहरुबाट विभिन्न विद्यालयहरुमा बालमैत्री कक्षाकोठा निर्माण, भित्तेलेखन, फर्निचर निर्माण, सिढीँ तथा पर्खाल निर्माण, कम्पाउण्ड तथा घेराबारा, खेलमैदान निर्माण तथा कक्षाकोठा तथा भवन मर्मत कार्यहरु सञ्चालन भईरहेका छन ।

## २. स्वास्थ्य

- विश्व समुदायको साझा शत्रुका रुपमा देखा परेको कोभिड १९ रोगको नियन्त्रण, रोकथाम तथा उपचारका लागि खोटेहाङ गाउँपालिका वडा नं. ६ इन्द्राणीपोखरीमा **अस्थायी कोभिड अस्पताल** सन्चालनका लागि आवश्यक पर्ने जनशक्ती (१ जना डाक्टर, २ जना स्टाफ नर्स र १ जना कार्यालय सहयोगी) पदपूर्ति तथा आवश्यक सामाग्री खरिद गरि कोभिड अस्पताल सञ्चालनमा ल्याईएको छ ।
- **आधारभूत स्वास्थ्य सेवा केन्द्र**को (लिच्कीराम्चे) लागी आवश्यक १ जना अ. हे. व. र १ जना कार्यालय सहयोगी कर्मचारीहरुको विज्ञापन गरि पदस्थापन भई स्वास्थ्य सेवा सञ्चालनमा ल्याइएको छ ।
- तालिम प्राप्त नर्सिङ स्टाफबाट गर्भवतीआमाहरुको गर्भसंग सम्बन्धित जटिलताहरु समयमा नै पहिचान भई व्यवस्थापन हुने उद्देश्यका साथ स्वास्थ्य चौकीहरुबाट **ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम** नियमित रुपमा सन्चालनमा भईरहेको छ ।
- मातृ तथा नवजात शिशुहरुको स्वास्थ्यलाई ध्यानमा राखि गाउँपालिका अन्तर्गतका वडा नं. १, ३, ४, ६, ७, र ८ मा गरि ६ स्थानमा बर्थिङ सेन्टर सन्चालनमा ल्याई स्वास्थ्य चौकीहरुबाट सेवा प्रवाह भईरहेको छ ।
- गाउँघर क्लिनिक तथा खोप क्लिनिकहरुबाट सहज रुपमा सेवा सन्चालनमा ल्याउन ६ वटा खोपकेन्द्र भवन निर्माण सम्पन्न भईसकेका छन् ।
- स्वास्थ्य चौकीहरुबाट DHIS 2 अनलाईन रिपोर्टिङ सहज बनाउनका लागि ९ वटै स्वास्थ्य चौकीहरुमा कम्प्युटर, प्रिन्टरको ब्यबस्था गरिएको छ ।
- खोटेहाङ गाउँपालिकावासीहरुलाई सरल र सहज रुपमा स्वास्थ्य सेवा गर्नका लागि नेपाल सरकार स्वास्थ्य विशेष कार्यक्रम अन्तर्गत (**आधारभूत अस्पताल ईन्द्राणीपोखरीमा**) एक्स-रे मेशिन, ई.सि.जी मेसिन, आइ.सि.यु. बेड, लगायतका स्वास्थ्य उपकरण खरिद प्रकृयालाई अगाडी बढाईएको छ ।
- सामान्य स्वास्थ्य जाँचका लागि समेत सहर जानुपर्ने आम नागरिकहरुको बाध्यताको अन्त्यका लागि स्वास्थ्य चौकी खोटाङबजार र स्वास्थ्य चौकी ईन्द्रेणीपोखरीमा प्रयोगशाला (Lab ) सेवा सन्चालनमा ल्याईएको छ ।
- आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न औषधीको आपूर्तिमा निरन्तरता दिइएको छ ।
- कोभिड १९ रोगको संक्रमणबाट बच्न दुई चरणमा पूर्ण कोभिड विरुद्धको पूर्ण खोप लागउने १८६ जना सहित जम्मा १३४४ जनालाई खोप लगाउने कार्य सम्पन्न भएको छ ।

## ३. सामाजिक समावेशीकरण

- सातौं गाउँसभाद्वारा विनियोजित दलित लक्षित कार्यक्रम, जनजाती लक्षित कार्यक्रम र फरक क्षमता भएका व्यक्ति लक्षित कार्यक्रमहरु सृजनात्मक, प्रतिफलमुखी एवं प्रभावकारी रुपमा सञ्चालन गर्न इच्छुक खोटेहाङ गाउँपालिका क्षेत्रभित्रका गैर सरकारी संघ संस्था, समूह वा व्यक्तिहरुका लागि सार्वजनिक सूचना प्रकाशन गरि पेश भएका प्रस्तावहरुको छनौट गरि उक्त कार्यक्रमहरु सञ्चालन भईरहेका छन ।
- बाल दिवस २०७७ का अवसरमा भाद्र २९ गते निबन्ध तथा चित्रकला प्रतियोगिता सम्पन्न गरिएको छ ।
- गाउँपालिकाका ९ वटै वडामा एकल महिला समिति गठन गरिएको छ ।
- ज्येष्ठ नागरिक दिवसका अवसरमा गाउँपालिकाभित्र वसोवास गर्ने सवैभन्दा ज्येष्ठ तथा ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिएको छ भने गत आ. व. मा सवै वडाहरुमा ज्येष्ठ नागरिक भेटघाट चौतारी समेत निर्माण गरिएको छ ।
- लैंगिक हिंसा विरुद १६ दिने अभियान कार्यक्रम ९ वटै वडामा बालविवाह, बहुविवाह, लैंगिक हिंसा जस्ता जनचेतामुलक कार्यक्रम सम्पन्न गरिएको छ ।
- पालिका र वडा स्तरीय एकल महिला समिति गठन कार्यक्रम सम्पन्न भएको छ ।
- लैगिक हिंसा निवारणका लागि संरक्षण कोष स्थापना गरिएको छ ।
- बाल अधिकार संरक्षण संवर्धन कार्यविधि २०७७ तयार गरिएको छ ।
- पालिका स्तरीय अंपाङ सेवा संघ गठन र वडा स्तरीय अंपाङ समिति गठन गरिएको छ ।
- बालविवाह भएका बालबालिका र बहुविवाह भएका महिला पुरुषको तथ्याङ्क संकलन कार्यक्रम भइरहेको छ ।
- १११ औं अर्न्तराष्ट्रिय महिला दिवस कार्यक्रम सिम्पानीमा आयोजना गरिएको छ ।

## ४. खानेपानी तथा सरसफाई

- चालू आ. व. २०७७/७८ मा खानेपानी तथा सरसफाईसंग सम्बन्धित पालिका स्तरीय योजना कुल रु. २५ लाख ६५ हजार ८८१ बराबरका ३ वटा योजना र वडा स्तरीय योजना अर्न्तगत कुल रु. ८४ लाख बराबरका १६ वटा योजनाहरु विनियोजन भएनुसार उक्त सबै योजनाहरुको लागत इस्टिमेट तयार गरि सम्झौता भई सञ्चालन गर्ने कार्य भईरहेको छ ।

## ५. युवा तथा खेलकुद

- गाउँपालिकाभित्रका सवै युवाहरुको उमेर समूह, शैक्षिक योग्यता, रुची, पेशा, लिङ्ग, गाउँपालिकासंगको अपेक्षा आदि विषय समेटी युवा डाटा संकलन भई सो को एकिकृत विवरण तयार गरिएको छ, उक्त विवरणलाई युवा पार्श्वचित्रका रुपमा प्रकाशन गर्ने तयारी अन्तिम चरणमा रहेको छ ।
- गाउँपालिकाको चौथो वार्षिकोत्सवका अवसरमा अन्तर वडा स्तरीय खुला पुरुष तथा महिला भलिवल प्रतियोगिता सम्पन्न भएको छ । दुवै विधा तर्फ रु. १ लाख ११ हजार १११ प्रथम पुरस्कार, रु. ६६ हजार ६६६ द्वित्तिय पुरस्कार, रु. ३३ हजार ३३३ रुपैयाँ सेमि फाईनलमा पुग्ने दुई टिमलाई तथा सर्वोत्कृष्ठ खेलाडी, उत्कृष्ठ स्पाईकर, अनुशासित टिम, उत्कृष्ठ लिफ्टर लगायतका विभिन्न विधामा ट्रफि, मेडल तथा प्रमाणपत्र सहित पुरस्कार वितरण गरिएको छ ।

## ६. बहुक्षेत्रीय पोषण

- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न खुला प्रतिष्पर्धात्मक परिक्षाको माध्यमद्वारा बहुक्षेत्रीय पोषण स्वयमसेवक छनौट गरिएको छ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अर्न्तगतका विभिन्न कार्यक्रमहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने कार्य भईरहेको छ ।

## ७. प्रधानमन्त्री रोजगार कार्यक्रम

- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि नेपाल सरकारबाट देहाय बमोजिम सशर्त अनुदान प्राप्त भएको छ ।

| नाम | सूचिकृत बेरोजगार संख्या | युवारुप (२०७७।०४।०१ मा sutra मार्फत १०० जनालाई रोजगारी सिर्जनाको लागि) | प्रधानमन्त्री रोजगार कार्यक्रम नयाँ योजनाका लागि २०७७।७।२५ | कामका लागि पारिश्रमिकमा आधारित२०७७।०९।०३ | कुल रकम | कूल रोजगारी सिर्जना हुने संख्या (प्रति व्यक्ति १०० दिनका दरले) |
|---|---|---|---|---|---|---|
| खोटेहाङ गाउँपालिका | ३३३ | ५१७०,००० | ९८३,००० | १२४१,००० | ७३९४,००० | १४३ |

- उपरोक्तानुसार कार्यक्रम कार्यान्वयन गर्न विभिन्न सडक खण्डहरुको मर्मत सम्भार गर्ने निर्णयानुसार सूचिकृत बेरोजगारहरुसंग सम्झौता भई काम भईरहेको छ । यस आ. व. को अन्त्यसम्ममा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ४८ कि. मि. सडक नाली, १०२७ मिटर सोलिङ र ७६० मिटर ग्राभेल बिच्छ्याउने लक्ष्य लिईएको छ ।

# ❖ सुशासन तथा संस्थागत विकास क्षेत्र

## १. कानून निर्माण

- खोटेहाङ गाउँपालिकाले हालसम्म विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका गरि जम्मा ४० वटा कानूनहरुको तर्जुमा गरि स्वीकृत भएको छ। यस आ. २०७७/७८ मा निम्न बमोजिम कानूनहरु निर्माण भई स्वीकृत भएका छन :

**१. बाँझो जमिनमा ब्यवसायिक फलफूल बगैंचा स्थापना अनुदान सञ्चालन कार्यविधि, २०७७**
**२. वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि अनुदान परिचालन कार्यविधि, २०७७**
**३. पशु फार्म पूर्वाधार सुदृढिकरण तथा पशु नश्ल सुधार र अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**
**४. कृषि यान्त्रिकिकरण अनुदान परिचालन कार्यविधि, २०७७**
**५. गोठेमल सुधार सञ्चालन कार्यविधि, २०७७**
**६. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७**
**७. टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७**
**८. बाल अधिकार संरक्षण तथा सम्र्वद्धन कार्यविधि, २०७७,**
**९. अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७७ ।**

## २. संस्थागत विकास

- गाउँकार्यपालिकाको कार्यालयमा डिजिटल नोटिस बोर्ड, ई - हाजिरी, तथा द्रुत गतिको इन्टरनेट जडान भएको छ ।
- योजनाहरुको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्न योजना ब्यवस्थापन प्रणाली सफ्टवेयर जडान गरिएको छ ।
- गाउँपालिका अर्न्तगतका विभिन्न शाखा तथा सेवा अर्न्तगत रिक्त रहेका पदहरुको खुला प्रतिष्पर्धाका माध्यमबाट छनौट गरि पदपूर्ति गरिएको छ ।
- नेपाल सरकारका पूर्व सचिवद्वय श्री कृष्णहरि बास्कोटा तथा श्री मणिराम ओझाको उपस्थितीमा पदाधिकारी तथा कर्मचारीहरुलाई सुशासन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी १ दिने अभिमूखिकरण तथा अर्न्तक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको छ ।
- खोटेहाङ गाउँपालिकाका आम नागरिकहरुको सूचनाको हकलाई सम्मान गर्दै गाउँपालिकाको वेबसाईट, मोबाएल एप, फेसबुक पेज, ट्विटर लगायतका विद्युतीय माध्यम तथा तोकिएको सूचना अधिकारीबाट सूचना तथा जानकारीहरु प्रकाशन तथा प्रशारण गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- खोटेहाङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवाहरुका सन्दर्भमा आम नागरिकहरुको सन्तुष्टी सर्वेक्षण गर्न गाउँपालिकाको कार्यालयमा **सेवा प्रवाह सम्बन्धी पृष्ठपोषण पुस्तिका**को ब्यवस्था गरिएको छ भने गुनासो पेटिकामा पर्न आएका गुनासोहरुको सुनुवाई तथा फर्छ्यौट गर्ने कार्य समेत भईरहेको छ ।

## ३. आन्तरिक राजश्व

चालु आ.व. २०७७/७८ मा राजस्वका विभिन्न क्षेत्र र दरका आधारमा रु ३३ लाख संकलन हुने अनुमान गरिएको छ भने हालसम्म वडा कार्यालयहरु, सिफारिस दस्तुर, दर्ता शुल्क, बहाल कर, मालपोत कर, बोलपत्र बिक्री स्वास्थ्य चौकीहरुबाट ओ. पि. डि. सेवा शुल्क र प्रयोगशाला शुल्क, कृषि तथा पशु सेवा शुल्क लगाएतका विभिन्न आन्तरिक आयका स्रोतहरुबाट रु.***१८ लाख ९९ हजार ७१२ रूपैया*** जम्मा हुन आई राजश्व लक्ष्यको **५६ दशमलव ६ प्रतिशत** राजश्व लक्ष्य हासिल भएको छ भने आन्तरिक राजश्वको दायरालाई ब्यापक बनाउन तथा राजश्व लक्ष्य हासिल गर्न विभिन्न सघन कार्ययोजनाहरु समेत तयार गर्ने कार्य भईरहेको छ ।

## ४. न्यायिक कार्य

- न्यायिक समिति तथा मेलमिलापकर्ताहहरुका लागि ४८ घण्टाको ८ दिने मेलमिलाप सम्वन्धी पुनर्ताजगी तालिम - चैत्र १८ देखि २५ गतेसम्म संचालन गरिएको छ ।
- हालसम्म दर्ता भएका विचाराधीन वाहेकका सबै विवादहरु मेलमिलापको माध्यमवाट समाधान गरिएको छ ।

## ❖ वन वातावरण तथा विपद व्यवस्थापन

- प्रदेश सरकार, प्रदेश नं. १ को सहयोगमा "मुख्य मन्त्री अत्यावश्यक सेवा केन्द्र" सञ्चालनार्थ १ थान वारुण यन्त्र र १ थान प्रहरी भ्यान प्राप्त भई विपद प्रतिकार्यमा थप सहजता भएको छ भने गाउँपालिकामा मौजुदा रहेको १ थान एम्बुलेन्स सुचारु अवस्थामा रहेको छ ।
- प्राकृतिक विपदबाट क्षति/नोक्सानी व्यहोरेका घर/परिवार/व्यक्तिलाई राहत प्रदान गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी, नागरिक समाज तथा आम नागरिकहरुसंगको सहकार्यमा प्राकृतिक विपद प्रतिकार्य सञ्चालन भईरहेको छ ।

## ❖ विविध क्षेत्र

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली VERSP Vital Event Registration and Social Protection Management System (MIS) सम्बन्धी सबै वडाका वडा सचिव र प्रशासन सहायकहरुलाई २ दिनको अभिमुखीकरण कार्यक्रम प्रदान गरिएको छ ।
- वडा नं. २ र ६ वाहेकका सबै वडा हरुमा अनलाइन मार्फत घटना दर्ताको कार्य भैरहेको छ ।
- बैङ्किङ प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न रा.वा .बैङ्क खोटाङवजार र सालपा विकास वैङ्क संग सम्झौता गरिएको छ ।
- पुराना घटना दर्ताका विवरणहरुलाई डिजिटल सिस्टममा ल्याउने कार्य भैरहेको छ ।
- खोटेहाङ गाउँपालिकाका प्रत्येक वडाबाट ९ जनाका दरले जम्मा ८१ जनालाई ३ दिने डकर्मी तालिम प्रदान गरिएको छ ।
- खोटेहाङ गाउँपालिकाका योजना तथा कार्यक्रमहरुको सञ्चालन गर्न गठित उपभोक्ता समितिहरुलाई विभिन्न चरणमा अभिमूखिकरण गरिएको छ ।

अन्तमा, खोटेहाङ गाउँपालिकाको चौथो वार्षिक उत्सवलाई भव्य र ऐतिहाँसिक बनाउन हाम्रो निम्तोलाई सहृदय स्वीकार गरि पाल्नुहुने प्रमुख अतिथि **ने. क. पा. (एमाले) संसदिय दलका मुख्य सचेतक तथा प्रतिनिधि सभा सदस्य मा. विशाल भट्टराइज्यू,** विशेष अतिथिज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुमा खोटेहाङ गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट नयाँ वर्ष २०७८ तथा खोटेहाङ गाउँपालिकाको चौथो वर्ष प्रवेशको अवसरमा मंगलमय शुभकामना सहित हार्दिक नमन, हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

खोटेहाङ गाउँपालिकाको दिगो विकास र समृद्धिको अभियानमा जोडिनुभएका सम्पूर्ण राजनीतिक दल, बुद्धिजिवी, नागरिक समाज, दातृ निकाय, सरोकारवाल एवं सम्पूर्ण खोटेहाङवासी महानुभावहरुप्रति कृतज्ञता व्यक्त गर्न चाहान्छु । हाम्रा सपना, हाम्रा संकल्प र हाम्रो अभियानलाई सदैव जिवन्त राखी सोअनुरुप अगाडी बढ्ने प्रतिबद्धता सहित यहाँहरु सम्पूर्णको रचनात्मक सल्लाह, सुझाव, प्रतिकृया र साथ सहयोगको अपेक्षा राख्दै वार्षिक प्रगती प्रतिवेदन अन्त्य गर्ने अनुमति चाहान्छु ।

**हार्दिक अभिवादन सहित ।**

प्रदिप राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका, खोटाङ ।